# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) धनगढी, नेपाल, भाद्र ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क ११

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानुन मन्त्रालय

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७९ सालको ऐन नं. १०**

**सुदूरपश्चिम प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**



प्रस्तावना : प्रदेशमा शान्ति, सुव्यवस्था तथा अमनचयन कायम गरी नागरिक सुरक्षा, मानव अधिकार संरक्षण, अपराध अनुसन्धान, तहकिकात, रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यलाई प्रभावकारी रुपले सञ्चालन, व्यवस्थापन र नियमन गर्न बाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश प्रहरी ऐन, २०७९" रहेको छ।

(२) यो ऐन प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति गर्ने निकाय वा अधिकारी सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "परिवार" भन्नाले प्रदेश प्रहरीसँग बस्ने निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा

सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू ससुरालाई समेत जनाउँछ।

(घ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ङ) "प्रहरी अधिकृत" भन्नाले प्रहरी निरीक्षक र सोभन्दा माथिल्लो दर्जाका अधिकृत सम्झनु पर्छ।

(च) "प्रहरी जुनियर अधिकृत" भन्नाले प्रहरी सहायक निरीक्षक देखि प्रहरी वरिष्ठ नायब निरीक्षक सम्मका अधिकृत सम्झनु पर्छ।

(छ) "प्रदेश प्रहरी" भन्नाले प्रचलित संघीय कानुन बमोजिम समायोजन भई आएका प्रदेश प्रहरी र प्रदेश प्रहरी ऐन अन्तर्गत नियुक्त भएका प्रदेश प्रहरी सम्झनु पर्छ।

(ज) "प्रदेश प्रहरी कार्यालय" भन्नाले सुदूरपश्चिम प्रदेश प्रहरीको मुख्य कार्यालय सम्झनु पर्छ।

(झ) "प्रदेश प्रहरी प्रमुख" भन्नाले नेपाल सरकारबाट प्रदेश प्रहरी प्रमुखको रूपमा खटाइएको नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षक सम्झनु पर्छ ।





(ञ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्झनु पर्छ ।

(ट) "सामाजिक सञ्जाल" भन्नाले एस.एम.एस., फेसबुक, मेसेञ्जर, भाइवर, ट्विटर, युट्युब, इन्स्टाग्राम, ब्लग, गुगल प्लस, टिकटक, ह्वाट्स एप, इमो, बिच्याट जस्ता सामाजिक सञ्जाल सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रदेश प्रहरीको गठन र सञ्चालन

३. **प्रदेश प्रहरीको गठन** : (१) मन्त्रालय अन्तर्गत एक प्रदेश प्रहरी संगठन रहनेछ ।

(२) प्रदेश प्रहरी संगठन समानुपातिक समावेशी स्वरुपको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रहरी संगठनमा पहिलो पटकको लागि संघीय प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ अनुसार नेपाल प्रहरीमा कार्यरत समायोजन भई वा खटिई आएका प्रदेश प्रहरीबाट प्रदेश प्रहरीको गठन हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्रहरी संगठन गठन भए पश्चात आवश्यकता अनुसार संगठनात्मक संरचना र प्रदेश प्रहरीको दरबन्दी दफा ६ को उपदफा (२) बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश सरकारले निर्धारण गरे अनुसार हुनेछ ।

(५) प्रदेश प्रहरीको सञ्चालन तथा परिचालन यस ऐन बमोजिम प्रदेश सरकारले गर्नेछ ।

(६) मन्त्रालय मातहत एक प्रदेश प्रहरी कार्यालय रहनेछ ।

(७) प्रदेश प्रहरी कार्यालय मातहत तोकिए बमोजिमका विभाग, प्रतिष्ठान, महाशाखा, कार्यालय तथा प्रहरी इकाई रहने छन् ।

४. <u>**प्रदेश प्रहरी समूहः**</u> (१) प्रदेश प्रहरी सेवामा कार्य प्रकृतिका आधारमा देहाय बमोजिमका समूहहरू रहन सक्ने छन्:

(क) जनपद प्रहरी समूह,

(ख) सशस्त्र प्रहरी समूह,

(ग) प्राविधिक प्रहरी समूह।

(२) उपदफा (१) बमोजिमका प्रहरी समूहमा विशिष्टीकृत कार्य प्रकतिका आधारमा देहाय बमोजिमका उपसमूहहरू रहने छन्।

(क) जनपद प्रहरी समूहअन्तर्गत

१. अपराध अनुसन्धान उपसमूह,

२. ट्राफिक उपसमूह,

३. विपद व्यवस्थापन उपसमूह,

४. लेखा तथा प्रबन्ध उपसमूह।

(ख) सशस्त्र समूहअन्तर्गत

१. सुरक्षा उपसमूह,

२. विशेष कार्यदल।

(ग) प्राविधिक समूहअन्तर्गत

१. सञ्चार उपसमूह,

२. अटोमोवाइल समूह

३. कम्प्युटर उपसमूह,

४. इन्जिनियरिङ उपसमूह,



खण्ड ६) अतिरिक्ताङ्क ११, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

५. स्वास्थ्य उपसमूह,

६. विधि विज्ञान उपसमूह।

(३) आवश्यकताअनुसार प्रदेश सरकारले अन्य समूह तथा उपसमूहहरु तोक्न सक्नेछ ।

(४) प्रदेश प्रहरीमा कार्यरत प्रहरी जवानदेखि प्रहरी नायव निरीक्षक दर्जासम्मका प्रहरी कर्मचारीहरूलाई तोकेबमोजिमको योग्यताका आधारमा समूहीकृत गरिनेछ ।

(५) प्रदेश प्रहरी आधारभूत तालिमपश्चात् आधारभूत तालिमको वरिष्ठता र सम्बन्धित प्रहरीको स्वेच्छाका आधारमा प्रदेश प्रहरी प्रधान कार्यालयले प्रहरी जवान तथा प्रहरी सहायक निरीक्षक दर्जाका प्रहरी कर्मचारीलाई रिक्त दरबन्दीका आधारमा जनपद वा सशस्त्र समूहको उपसमूहमा समूहीकृत गर्नेछ ।

(६) संघीय कानुनबमोजिम प्रदेश प्रहरीमा समायोजन भएका नेपाल प्रहरीका प्रहरी नायव निरीक्षक दर्जासम्मका प्रहरी कर्मचारीहरूलाई तोकिएको योग्यताका आधारमा समूहीकृत गरिनेछ ।

(७) जनपद समूहको अपराध अनुसन्धान, ट्राफिक र लेखा उपसमूहमा समूहीकृत हुनका लागि सो समूहको विशिष्टीकृत तालिम प्राप्त गरेपश्चात् मात्र खटाइनेछ । यसरी उपसमुहमा खटाउँदा खटिने प्रहरी कर्मचारीको शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ।

(८) सशस्त्र समूहको उपसमूहमा समूहीकृत भएका प्रदेश प्रहरी कर्मचारीले उपसमूहमा खटिएको ६ महिनाभित्र सो उपसमूहसम्बन्धी तालिम प्राप्त गर्नु पर्नेछ।

(९) कुनै पनि समूहको एउटा उपसमूहमा रही कम्तीमा पाँच (५) वर्ष सेवा अवधि पूरा गरेको र अर्को उपसमूहका लागि तोकिएको योग्यता पूरा गरेको प्रहरी कर्मचारीले उपसमूह परिवर्तन गर्न चाहेमा मन्त्रालयको सहमतिमा प्रदेश प्रहरी प्रधान कार्यालयले निजको उपसमूह परिवर्तन गर्न सक्नेछ ।

तर, प्रदेश प्रहरी प्रधान कार्यालयले आवश्यक देखेमा तोकिए बमोजिमको समितिको सिफारिसमा यस उपदफा बमोजिमको सेवा अवधि पूरा नगरेको भए पनि प्रहरी कर्मचारीको उपसमह परिवर्तन गर्न बाधा पर्ने छैन।

(१०) प्रदेश प्रहरीको सम्पूर्ण जनशक्तिको कम्तीमा पन्ध्र प्रतिशत जनशक्ति अपराध अनुसन्धान समूहमा खटाउनु पर्नेछ।

(११) प्राविधिक प्रहरी समूह तथा उक्त समूहको उपसमूहका प्रहरी कर्मचारीहरूका हकमा तोकिएबमोजिम हुने छ।

(१२) जनपद समूह र सशस्त्र समूह तथा उक्त समूहका उपसमूहहरूमा रहेका प्रहरी कर्मचारीसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५. **प्रदेश प्रहरी सेवामा रहने श्रेणी र पद** : (१) प्रचलित संघीय कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रदेश प्रहरी सेवामा रहने प्रहरीको श्रेणी र पद देहाय बमोजिम हुनेछ :-

(क) राजपत्राङ्कित श्रेणी र पद :

(१) प्रथम श्रेणी - प्रदेश प्रहरी प्रमुख
-प्रदेश प्रहरी वरिष्ठ उपरीक्षक

(२) द्वितीय श्रेणी - प्रदेश प्रहरी उपरीक्षक





-प्रदेश प्रहरी नायब उपरीक्षक

(३) तृतीय श्रेणी - प्रदेश प्रहरी निरीक्षक

(ख) राजपत्र अनङ्कित श्रेणी र पदः

(१) प्रथम श्रेणी

(क) प्रदेश प्रहरी वरिष्ठ नायब निरीक्षक

(ख) प्रदेश प्रहरी नायब निरीक्षक

(२) द्वितीय श्रेणी - प्रदेश प्रहरी सहायक निरीक्षक

(३) तृतीय श्रेणी

(क) प्रदेश प्रहरी वरिष्ठ हवल्दार

(ख) प्रदेश प्रहरी हवल्दार

(ग) प्रदेश प्रहरी सहायक हवल्दार

(४) चतुर्थ श्रेणी - प्रदेश प्रहरी जवान

(ग) श्रेणीविहीन : प्रहरी कार्यालय सहयोगी वा सो सरहका पदहरु श्रेणीविहीन पद हुनेछन् । ती पदमा देहायका स्तर रहनेछन् :-

(१) प्रथमस्तर,

(२) द्वितीयस्तर,

(३) तृतीयस्तर,

(४) चतुर्थस्तर,

(५) पाँचौस्तर ।

(२) श्रेणीविहीन पदको स्तरबृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **संगठन संरचना र दरबन्दी** : (१) प्रदेश प्रहरीको संगठन संरचना र दरबन्दी संख्या प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

तर पहिलो पटकको हकमा प्रचलित संघीय कानुन बमोजिम समायोजन गर्ने प्रयोजनका लागि निर्धारण भएको संगठन संरचना र प्रदेश प्रहरीको संख्या नै प्रदेश प्रहरीको संगठन संरचना र प्रदेश प्रहरीको संख्या मानिनेछ ।

(२) उपदफा (१) बमोजिम संगठन संरचना र संख्या निर्धारणका लागि सिफारिस गर्न देहाय बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(ग) वरिष्ठ प्रहरी उपरीक्षक (मानव श्रोत विकास हेर्ने), प्रदेश प्रहरी कार्यालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि (उपसचिव स्तर), आर्थिक मामिला विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम संगठन संरचना र प्रदेश प्रहरीको संख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार लिनु पर्नेछ :-

(क) भौगोलिक अवस्था र प्रहरी-जनसंख्याको अनुपात,

(ख) अपराधको प्रकृति, अवस्था र शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चुनौती,

(ग) सहरीकरण, बसाइसराई तथा जनघनत्व,





(घ) कुनै खास प्रकृतिको सेवा तथा सुरक्षा प्रदान गर्नुपर्ने अवस्था,

(ङ) अन्तर्राष्ट्रिय तथा प्रादेशिक सीमाको अवस्था,

(च) सेवा प्रवाहमा कार्यबोझ, आर्थिक दायित्व र श्रोत साधनको उपलब्धता,

(छ) नवीन प्रविधिको उपलब्धता र प्रयोगको स्थिति,

(ज) विकास निर्माण तथा सडक सञ्जालको अवस्था,

(झ) तोकिए बमोजिमका अन्य आधार ।

(४) यस दफा बमोजिम प्रदेश प्रहरीको संगठन संरचना तथा दरबन्दी हेरफेर गर्दा प्रचलित कानुन बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका प्रदेश प्रहरी अवकाश नभएसम्म निज वहाल रहेको पद कायम रहने गरी गर्नु पर्नेछ ।

७. <u>प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण</u> : (१) प्रदेश सरकारले प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण मन्त्रालय मार्फत गर्नेछ ।

(२) प्रदेश प्रहरी प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(३) प्रदेश प्रहरीले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवं अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान तथा तहकिकातको कार्य गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित नीति र कानुन बमोजिम गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा प्रदेश प्रहरीले प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष नियन्त्रण, रेखदेख, निर्देशन र सुपरिवेक्षणमा गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको कार्य गर्दा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ । यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु मातहतका प्रहरी कार्यालय तथा प्रदेश प्रहरीको कर्तव्य हुनेछ ।

(६) जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नका लागि मन्त्रालयले सम्बन्धित जिल्लाको प्रदेश प्रहरी परिचालन गर्न सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिन सक्नेछ र यसरी परिचालन गरेको अवस्थामा सम्बन्धित जिल्लाको प्रदेश प्रहरीले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशनमा रही काम गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रदेश प्रहरी परिचालन गर्दा प्रमुख जिल्ला अधिकारीले मन्त्रालयको प्रत्यक्ष निर्देशनमा रही कार्य गर्नु पर्नेछ ।

(८) शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रूपमा परिचालन भएको अवस्थामा फिल्डको कमाण्ड बरिष्ठले गर्नेछ ।

(९) शान्ति सुरक्षा, अपराध अनुसन्धान लगायत कर्तव्य पालनाको सिलसिलामा खटिएको प्रदेश प्रहरीले आफूभन्दा माथिको तोकिएको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ ।

८. <u>प्रदेश प्रहरीको प्रशासन</u> : प्रदेश प्रहरीको प्रशासन सञ्चालन यस ऐन, प्रचलित कानुन र प्रदेश सरकारले समय समयमा





जारी गरेको निर्देशनको अधीनमा रही प्रदेश प्रहरी प्रमुख र मातहतका प्रहरी अधिकृतबाट हुनेछ ।

९. <u>प्रदेश प्रहरी प्रमुख</u> : (१) नेपाल सरकारले संघीय कानुन बमोजिम नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षकलाई प्रदेश प्रहरी प्रमुखको रूपमा तोक्नेछ ।

(२) प्रदेश प्रहरी प्रमुखको रूपमा खटिएको प्रदेश प्रहरीले प्रदेश प्रहरीको दर्ज्यानी चिह्न (लोगो) लगाई प्रदेश प्रहरीको रूपमा काम गर्नु पर्नेछ ।

(३) प्रदेश प्रहरीले सम्बन्धित प्रदेश प्रहरी प्रमुखको निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम तोकिएका प्रदेश प्रहरी प्रमुखको पारिश्रमिक र सुविधा नेपाल प्रहरीको समान पदको प्रहरीले पाएभन्दा कम हुने छैन ।

(५) प्रदेश प्रहरी प्रमुख आफूले सम्पादन गर्ने कार्यको सम्बन्धमा मन्त्रालयप्रति उत्तरदायी हुनेछ ।

१०. <u>प्रहरी वरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षक सम्बन्धी व्यवस्था</u> : (१) नेपाल सरकारले संघीय कानुन बमोजिम नेपाल प्रहरीको प्रहरी वरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षकलाई कामकाज गर्न प्रदेशमा खटाउनेछ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरीले प्रदेश प्रहरीको दर्ज्यानी चिह्न (लोगो) लगाई प्रदेश प्रहरीको रूपमा काम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरीलाई प्रदेश कानुन बमोजिम प्रदेश प्रहरीको रूपमा प्रदेश सरकारले सञ्चालन तथा परिचालन गर्नेछ ।

(४) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरीलाई नेपाल सरकारले प्रदेश सरकारको सहमतिमा प्रदेशबाहिर वा नेपाल प्रहरीको कुनै पदमा सरुवा गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरीको पद जुनसुकै कारणले रिक्त भएमा संघीय कानुनले तोकेको मापदण्डको अधीनमा रही प्रदेश कानुन बमोजिम प्रदेश प्रहरीबाट बढुवा गरी पूर्ति गरिनेछ।

(६) यस दफा बमोजिम खटाइएका प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षकको पारिश्रमिक तथा सुविधा नेपाल प्रहरीको समान पदको प्रहरीले पाएभन्दा कम हुने छैन।

## परिच्छेद-३

## प्रदेश प्रहरीको पदपूर्ति

११. पदपूर्ति : (१) प्रदेश प्रहरीको रिक्त पदमा पदपूर्तिका लागि प्रदेश प्रहरी कार्यालयले मन्त्रालयलाई प्रत्येक वर्ष रिक्त पद र संख्याको अद्यावधिक विवरण लिखित रूपमा पेस गर्नु पर्नेछ ।

(२) प्रदेश प्रहरी सेवाको पदपूर्ति दफा १४ बमोजिमको समितिको सिफारिसको आधारमा हुनेछ।

(३) उपदफा (२) बमोजिम हुने खुला प्रतियोगिताको लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।

(४) प्रदेश प्रहरीको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, परीक्षाको पाठ्यक्रम तथा परीक्षा





प्रणाली नेपाल प्रहरीको समान पदको लागि निर्धारण भए सरह हुनेछ ।

(५) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रदेश प्रहरीको कुनै पनि पदमा अन्य कुनै तरिकाबाट पदपूर्ति गरिने छैन ।

(६) प्रदेश प्रहरी सेवाको देहायको पदमा देहायको तरिकाबाट पदपूर्ति गरिनेछ :-

| पद | खुला प्रतियोगिता प्रतिशत | आन्तरिक बढुवा प्रतिशत |
|---|---|---|
| (क) प्रहरी कार्यालय सहयोगी वा सो सरह | १०० | - |
| (ख) प्रहरी जवान | १०० | - |
| (ग) प्रहरी सहायक हवल्दार | - | १०० |
| (घ) प्रहरी हवल्दार | - | १०० |
| (ङ) प्रहरी वरिष्ठ हवल्दार | - | १०० |
| (च) प्रहरी सहायक निरीक्षक | ६० | ४० |
| (छ) प्रहरी नायब निरीक्षक | - | १०० |
| (ज) प्रहरी वरिष्ठ नायब निरीक्षक | - | १०० |
| (झ) प्रहरी निरीक्षक | ६० | ४० |
| (ञ) प्रहरी नायब उपरीक्षक | - | १०० |
| (ट) प्रहरी उपरीक्षक | - | १०० |
| (ठ) बरिष्ठ प्रहरी उपरीक्षक | - | १०० |

(७) उपदफा (६) को खण्ड (घ), (ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ प्रहरी सहायक निरीक्षक, प्रहरी नायव निरीक्षक र प्रहरी निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुन सक्ने अवस्था नभएमा शत प्रतिशत खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा ६ को खण्ड (च) बमोजिम प्रहरी निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुन सक्ने अवस्था नभएमा प्रथम पटकका लागि प्रदेश सरकारले निर्धारण गरे बमोजिमको प्रतिशतमा पदपूर्ति समितिले शत प्रतिशतसम्म खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(९) प्रदेश प्रहरी सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद मध्ये पैंतालीस प्रतिशत पद छुट्टयाई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई समानुपातिक समावेशी सिद्धान्तका आधारमा पदपूर्ति गरिनेछः-

| | |
|---|---|
| (क) महिला | ३३ प्रतिशत |
| (ख) दलित | १४ प्रतिशत |
| (ग) थारु | १३ प्रतिशत |
| (घ) आर्थिक रुपले विपन्न खस आर्य | ११ प्रतिशत |
| (ङ) आदिवासी जनजाति | ११ प्रतिशत |
| (च) पिछडिएको क्षेत्र | ११ प्रतिशत |
| (छ) मधेशी | ४ प्रतिशत |
| (ज) मुस्लिम | ३ प्रतिशत |





**स्पष्टीकरण:**

(क) यस उपदफाको प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले संघीय कानुनले तोके बमोजिमको स्थान सम्झनु पर्छ ।

(ख) यस उपदफाको प्रयोजनको लागि "आर्थिक रुपले विपन्न खस आर्य" भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका खस आर्य ब्यक्ति सम्झनु पर्छ।

(ग) स्पष्टीकरणको खण्ड (क) र (ख) को लागि सम्बन्धित स्थानीय तहको सिफारिस पेस गर्नु पर्नेछ ।

(१०) खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने अन्य कार्यविधि तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(११) उपदफा (१०) बमोजिमको कार्यविधि तथा मापदण्डमा देहायको विषय स्पष्ट खुलाउनु पर्नेछः-

(क) उपदफा (९) मा उल्लिखित समूहभित्रका व्यक्तिहरु बिच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने,

(ख) एक भन्दा बढी समावेशी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने सम्बन्धित उम्मेदवारले रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्ने,

(ग) एक तह वा श्रेणीमा यस दफा बमोजिमको समावेशीको सुविधा लिइसकेको भए सो पद भन्दा माथिल्लो

तह वा श्रेणीमा पुनः त्यस्तो सुविधा नपाईने ।

(१२) यस दफा बमोजिम पदपूर्ति सम्बन्धी व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(१३) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. <u>पदपूर्ति गर्न नहुने</u> :(१) प्रदेश प्रहरी किताबखानामा पद दर्ता नगरी प्रदेश प्रहरी सेवाको कुनै पदमा पदपूर्ति गरिने छैन ।

तर प्रदेश प्रहरी किताबखाना स्थापना भई सञ्चालन नभएसम्म यसले गर्ने कार्य मन्त्रालयको शान्ति सुरक्षा शाखाले गर्नेछ ।

(२) प्रदेश प्रहरी किताबखाना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. <u>प्रदेश प्रहरीको न्यूनतम योग्यता तथा अयोग्यता</u> : (१) खुला प्रतियोगिताद्वारा पूर्ति हुने प्रदेश प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) देहायको व्यक्ति प्रदेश प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछ :-

(क) गैरनेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,





(घ) अदालतबाट मानव अधिकार हननमा कसुरदार ठहरिएको ।

१४. <u>पदपूर्ति समिति</u> : (१) प्रदेश प्रहरी सेवाको रिक्त पदमा खुला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

(क) प्रदेश लोकसेवा आयोगका अध्यक्ष वा निजले तोकेको प्रदेश लोकसेवा आयोगको सदस्य - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) प्रदेश प्रहरी प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी पदपूर्ति समितिले आवश्यकता अनुसार बढीमा पाँच सदस्य रहेको छुट्टाछुट्टै पदपूर्ति उपसमिति गठन गर्न सक्नेछ।

(३) पदपूर्ति समितिले यस ऐन बमोजिम रिक्त दरबन्दीका लागि लिइने परीक्षा प्रयोजनको लागि प्रतिशत निर्धारण गर्नेछ ।

(४) यस ऐन बमोजिम बढुवाद्वारा पूर्ति गर्न छुट्याइएको पदको विवरण पदपूर्ति समितिले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ ।

(५) पदपूर्ति समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **नियुक्ति** : (१) खुला प्रतियोगिता र बढुवाद्वारा प्रदेश प्रहरीमा छनौट भई नियुक्तिको लागि सिफारिस गरेका पदमा नियुक्ति गर्ने निकाय वा अधिकारी देहाय बमोजिम हुनेछ :-

(क) वरिष्ठ प्रहरी उपरीक्षक -प्रदेश सरकार

(ख) प्रहरी निरीक्षक देखि प्रहरी उपरीक्षक सम्म - मन्त्रालय

(ग) प्रहरी सहायक हवल्दार देखि प्रहरी वरिष्ठ नायब निरीक्षक सम्म - प्रदेश प्रहरी प्रमुख

(घ) प्रहरी जवान - वरिष्ठ प्रहरी उपरीक्षक वा प्रहरी उपरीक्षक

(ङ) प्रहरी कार्यालय सहयोगी - प्रहरी नायव उपरीक्षक वा सो भन्दा माथिल्लो तहको प्रहरी अधिकृत

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले पदपूर्ति समितिको सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइने नियुक्ति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

१६. **परीक्षणकाल**: (१) खुला प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा नियुक्ति पाएको प्रदेश प्रहरीलाई आधारभूत तालिम सम्पन्न भएपछि एक वर्षको परीक्षणकालमा राखिनेछ । तर महिला प्रदेश प्रहरीको हकमा आधारभूत तालिम सम्पन्न भएपछि छ महिनाको परीक्षणकालमा राखिनेछ।

(२) यस ऐन बमोजिम परीक्षणकाल पूरा गरेका प्रदेश प्रहरीको सुरु नियुक्ति स्वतः सदर भएको मानिनेछ ।





(३) उपदफा (२) बमोजिम नियुक्ति सदर भएका प्रदेश प्रहरीको सेवा अवधि सुरु नियुक्ति भएको मितिदेखि नै कायम हुनेछ ।

१७. **नियुक्ति बदर हुने अवस्था** : (१) देहायको अवस्थामा अख्तियारवालाले प्रदेश प्रहरीको नियुक्ति बदर गर्न सक्नेछ :-

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा,

(ग) प्रदेश प्रहरीमा भर्ना हुँदाका बखत तोकिए बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा निजको नियुक्ति कुनै पनि समयमा बदर गरी निजले सो सेवा बापत प्राप्त गरेको तलब र निजलाई तालिम दिँदा लागेको खर्च समेत असुल गरी कानुन बमोजिम कारबाही हुनेछ ।

(२) उपदफा (१) बमोजिमको नियुक्ति बदर गर्नु अघि निजलाई सफाइको मौका दिईने छैन।

१८. **शपथ ग्रहण** : आधारभूत तालिममा उत्तीर्ण भएको प्रदेश प्रहरीले राष्ट्रिय झन्डा र प्रदेश प्रहरीको झन्डा छोई तोकिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

१९. **पोशाक र दर्ज्यानी चिन्ह** : (१) प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रदेश प्रहरीले उपदफा (१) बमोजिम लगाउने पोशाकमा प्रदेश सरकारले निर्णय गरी नेपालको राष्ट्रियता र प्रदेशको पहिचान झल्किने कुनै चिन्ह वा लोगो सहितको आर्म ब्याच लगाउने व्यवस्था गर्नेछ।

२०. **पदाधिकार कायम रहने** : देहायको अवस्थामा प्रदेश प्रहरीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरी रहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) प्रदेश सरकारद्वारा तोकिएको काम गरुन्जेलसम्म,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर ।

२१. **कार्यबाहक र निमित्त** : (१) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिनाभन्दा बढी अवधि रिक्त भएमा एक तह माथिको कार्यालय प्रमुखले रिक्त पदभन्दा एक तह मुनिको सबैभन्दा वरिष्ठ प्रदेश प्रहरीलाई कामकाज गर्ने गरी कार्यबाहक तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यबाहक भई कामकाज गर्न तोकिएको प्रदेश प्रहरीले त्यस्तो कार्यबाहक भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(३) यस दफा बमोजिम कार्यबाहक नतोकिएको अवस्थामा एक महिना ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ





प्रदेश प्रहरीले सो पदको निमित्त भई काम गर्नेछ । यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रदेश प्रहरीको हुनेछ ।

(४) कार्यबाहक वा निमित्त भई कामकाज गर्ने प्रदेश प्रहरीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ ।

तर पन्ध्र दिनभन्दा कम अवधि कार्यबाहक वा निमित्त भई काम गरे बापत भत्ता र सुविधा पाउने छैन ।

(५) उपदफा (४) बमोजिम काम गर्ने प्रदेश प्रहरीले पाउने तलब भत्ता निजले सो पदमा बढुवा हुँदा पाउने तलब भत्ताभन्दा बढी हुने छैन ।

## परिच्छेद-४

## प्रदेश प्रहरीको तालिम सम्बन्धी व्यवस्था

२२. **तालिम लिनुपर्ने** : प्रदेश प्रहरी सेवामा रहेका प्रदेश प्रहरीले आवश्यकता अनुसार अनिवार्य तालिम लिनु पर्नेछ।

२३. **आधारभूत तथा वृत्ति विकास सम्बन्धी व्यवस्था** : (१) प्रदेश प्रहरीले विभिन्न पदमा लिनुपर्ने आधारभूत, सेवाकालीन तथा विशिष्टीकृत र वृत्ति विकास सम्बन्धी तालिमको पहिचान, पाठ्यक्रमको निर्माण, तालिमको अवधि, प्रशिक्षणको लागि आवश्यक पर्ने मापदण्ड र प्रशिक्षण सम्बन्धी अन्य व्यवस्था समान पदको लागि प्रचलित संघीय प्रहरी ऐन र सो अन्तर्गत बनेको नियममा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको तालिममा समावेश गराइएको प्रदेश प्रहरीले लापरवाही गरी उदासिनता र

गैरजिम्मेवारी प्रदर्शन गरेको देखिएमा सो व्यहोरा अभिलेखमा जनाइनेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य गरेमा निजलाई पुनः एक पटक तालिमको मौका दिइनेछ । यसरी मौका दिँदा समेत उदासीनता र गैरजिम्मेवारी प्रदर्शन गर्ने प्रशिक्षार्थीलाई यस ऐन बमोजिम विभागीय कारबाही गरिनेछ।

२४. **वैदेशिक तालिम** : (१) प्रदेश प्रहरीलाई वैदेशिक तालिमका लागि मनोनयनको सिफारिस गर्दा संगठनको आवश्यकता, सेवा विशिष्टीकरण, ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्य सम्पादन क्षमता र दक्षताका आधारमा तोकिए बमोजिमको समितिले प्रदेश प्रहरी संगठनबाट सम्भाव्य उम्मेदवारको नाम छनौट गरी सिफारिस साथ संघीय प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विदेशमा हुने तालिममा सिफारिस गर्दा योग्य प्रहरी अधिकृत तथा जवानहरु मध्येबाट समान अवसर पाउने गरी सिफारिस गरिनेछ ।

२५. **तालिम सम्बन्धी अन्य व्यवस्था** : (१) प्रदेश प्रहरीको क्षमता विकासका लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

(२) प्रशिक्षार्थीले पाउने सुविधा, तालिमको परीक्षा सञ्चालन विधि, तालिम सफल हुँदाको परिणाम (ग्रेडिङ्ग), प्रशिक्षण भत्ता, तालिम भत्ता, प्रशिक्षकलाई दिइने विशेष सुविधा जस्ता व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।





## परिच्छेद-५

## बढुवा सम्बन्धी व्यवस्था

२६. **बढुवा समिति** : (१) प्रदेश प्रहरीको रिक्त पदमा बढुवाका लागि सिफारिस गर्न देहायको बढुवा समिति रहनेछ :-

(क) राजपत्राङ्कित श्रेणी र पदको लागि :

(१) सचिव, मन्त्रालय -अध्यक्ष

(२) सचिव, प्रदेश लोक सेवा आयोग -सदस्य

(३) प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(४) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक -सदस्य-सचिव

(ख) राजपत्र अनङ्कित श्रेणी र पदका लागि :

(१) प्रमुख, प्रदेश प्रहरी कार्यालय -अध्यक्ष

(२) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय -सदस्य

(३) अधिकृत प्रतिनिधि (उपसचिवस्तर), प्रदेश लोक सेवा आयोग -सदस्य

(४) प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी नायब उपरीक्षक -सदस्य-सचिव

(२) प्रहरी सेवामा रिक्त हुन आई बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने पदमा रिक्त भएको मितिले तीन महिनाभित्र बढुवाद्वारा पदपूर्ति गरी सक्नु पर्नेछ ।

(३) बढुवा समितिमा रहेका प्रहरी पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारलाई बढुवा सिफारिस गर्नुपर्ने भएमा प्रहरी पदाधिकारीको हकमा प्रदेश प्रहरी प्रमुख र निजामती कर्मचारीको हकमा मन्त्रालयको

सचिवले त्यस्तो अधिकृतको सट्टामा समान तहको पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनी आमा, पत्नी, छोरा, बुहारी, छोरी ज्वाइँ, धर्मपुत्र, धर्मपुत्री, नाति, नातिनी, नातिनी ज्वाइँ, भान्जा, भान्जी, भान्जी बुहारी, भान्जी ज्वाइँ, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाइँ, सासू, ससुरा, देवर, देउरानी, नन्द, आमाजु, जेठाजू, जेठान, साला, साली सम्झनु पर्छ ।

(४) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरु मध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रदेश प्रहरीलाई सोही बमोजिम योग्यताक्रम कायम गरी बढुवाका लगि सिफारिस गर्नु पर्नेछ ।

(५) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रदेश प्रहरीको नामावली र निजले प्राप्त गरेको कूल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

(७) बढुवाद्वारा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **बढुवाको सम्भाव्य उम्मेदवार हुने**ः (१) प्रदेश प्रहरी सेवाको रिक्त पदमा बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने श्रेणी वा तह भन्दा एक श्रेणी वा तह मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।





(२) उपदफा (१) बमोजिमको पदको लागि देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ :-

(क) राजपत्र अनङ्कित पदको लागि पाँच वर्ष,

(ख) राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदको लागि आठ वर्ष,

(ग) अन्य राजपत्राङ्कित अधिकृत पदका लागि पाँच वर्ष ।

२८. **बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने** : (१) दफा २७ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्था र अवधिभर प्रदेश प्रहरी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाइपाई आएको तलब वृद्धि घटुवा भएकोमा जति वर्षको तलब वृद्धि घटुवा भएको हो त्यति वर्षसम्म,

(च) ज्येष्ठता सहितको सुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(छ) वहाल रहेको पदमा तीनपटकभन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(ज) पुनर्बहाली भएको प्रदेश प्रहरीको हकमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म,

(झ) कुनै कसुरको सम्बन्धमा मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाइ नपाएसम्म,

(ञ) प्राविधिक प्रदेश प्रहरीको हकमा निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको शर्तनामामा उल्लेख भएको अवधिभर।

(२) सम्भाव्य उम्मेदवार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **बढुवाको आधार** : (१) बढुवा समितिले प्रदेश प्रहरीलाई कार्यक्षमता बापत पाएको कुल अंकको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एकसय अंक दिइनेछः-

(क) कार्यसम्पादन मूल्याङ्कन बापत -४० अङ्क

(ख) ज्येष्ठता बापत -२५ अङ्क

(ग) भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत -१० अङ्क

(घ) शैक्षिक योग्यता बापत -५ अङ्क

(ङ) तालिम बापत -१५ अङ्क





(च) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -५ अङ्क

३०. **कार्यसम्पादन मूल्याङ्कन फाराम** : (१) प्रदेश प्रहरीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजको कार्य सम्पादनस्तर, सृजनशीलता र लगनशीलता, चुनौतीपूर्ण वा विशेष जिम्मेवारी वहन गरेको स्तर, सेवाग्राही एवं सङ्गठनप्रतिको व्यवहार, कार्यालय र इकाईसँग गरेको समन्वय समेतलाई आधार लिईनेछ ।

(२) कार्यसम्पादन मूल्याङ्कनका लागि तोकिए बमोजिमको फाराम प्रयोग गरिनेछ ।

(३) प्रदेश प्रहरीको कार्य सम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रूपमा गर्नु पर्नेछ ।

(४) प्रदेश प्रहरीको कार्य सम्पादन मूल्याङ्कनको कूल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरिवेक्षकले दिन सक्ने -बीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने -दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने-दश अङ्क

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशका जिल्ला प्रहरी प्रमुखको हकमा उपदफा (४) को खण्ड (क) बमोजिम सुपरिवेक्षकले दिने बीस अङ्कमध्ये पूर्णाङ्क पाँचमा प्रमुख जिल्ला अधिकारीले अङ्क दिनेछ ।

तर, प्रदेश प्रहरी प्रमुखको हकमा मन्त्रालयको सिफारिसमा सुपरिवेक्षकले दिने बीस अङ्कमध्ये पूर्णाङ्क पाँचमा प्रदेशको प्रमुख सचिवले अङ्क दिनेछ ।

(६) बढुवाको प्रयोजनको लागि कार्य सम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य

उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ ।

(७) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. **ज्येष्ठता मूल्याङ्कन** : प्रदेश प्रहरीलाई ज्येष्ठता बापतको अङ्क दिँदा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि एक दशमलव पाँच अङ्कका दरले बढीमा पन्ध्र अङ्क दिइनेछ ।

तर एक वर्षभन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ भने गयल कट्टी भएको अवधिको ज्येष्ठता बापतको कुनै अङ्क दिइने छैन ।

३२. **भौगोलिक क्षेत्र बापतको मूल्याङ्कन** : (१) प्रदेश प्रहरीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापतको अङ्क प्रदान गर्दा तोकिए बमोजिम भौगोलिक क्षेत्रलाई क्रमशः क, ख, ग र घ गरी चार वर्गमा विभाजन गरी वार्षिक रूपमा काम गरेको अनुभव बापत दश अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछ :-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ३ अङ्कका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २.५ अङ्कका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अङ्कका दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.५ अङ्कका दरले ।





(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा एक सय असी दिन वा सोभन्दा वढी अवधि रुजु हाजिर भई काम गरेको भए सोही भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्कको दामासाही हिसाबले र एक सय असी दिनभन्दा कम अवधि काम गरेको भए जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्ग सरहको अङ्क दिइनेछ ।

(३) प्रदेश प्रहरी सेवाबाट बर्खास्त भई पुनर्बहाली भएको वा निलम्बन भई त्यस्तो निलम्बन फुकुवा भएको प्रदेश प्रहरीको हकमा निज रूजु हाजिर नभएको अवधिको बर्खास्त वा निलम्बन हुँदा कार्यरत रहेको भौगोलिक क्षेत्रमा काम गरे बापतको अङ्क दिइनेछ ।

(४) संयुक्त राष्ट्र संघीय मिसनमा खटिएको वा विदेशस्थित नेपाली कुटनीतिक नियोगमा खटिएको प्रदेश प्रहरीलाई "घ" वर्गको र अध्ययन बिदा वा तीन महिना वा सो भन्दा बढी अवधिको लागि वैदेशिक तालिममा जाने त्यस्तो प्रदेश प्रहरीलाई पनि "घ" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन पदमा बढुवा हुने हो सो पदभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि कुनै प्रदेश प्रहरीले भौगोलिक क्षेत्र बापत प्राप्त गरेको अङ्क घट्ने छैन । त्यसरी प्राप्त गरेको अङ्कलाई पूर्णाङ्क दशमा परिणत गरी सोही बमोजिम प्राप्ताङ्क निर्धारण गरिनेछ ।

(७) भौगोलिक क्षेत्रमा काम गरे बापतको अङ्क विभाजन सम्बन्धी व्यवस्था अनुसूची-१ बमोजिम हुनेछ ।

३३. **<u>शैक्षिक योग्यता</u>** : (१) बढुवाका लागि प्रदेश प्रहरीलाई निजले हासिल गरेको शैक्षिक योग्यता बापत देहाय बमोजिमको अङ्क दिइनेछ :-

| शैक्षिक योग्यता | अङ्क |
|---|---|
| (क) वहाल रहेको पदमाआवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता | चार |
| (ख) न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो तहको शैक्षिक योग्यता | एक |
| (ग) खण्ड (क) बमोजिमको शैक्षिक योग्यता नभएमा सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता | एक |

(२) प्रदेश प्रहरीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३४. <u>तालिम</u> : (१) प्रदेश प्रहरी सेवाको पदमा रहँदा लिएको कुनै दुई आधारभूत वा सेवाकालीन तालिम बापत देहाय बमोजिम बढीमा सात अङ्क दिइनेछ :-

(क) "क" श्रेणी - ७
(ख) "ख" श्रेणी - ६
(ग) "ग" श्रेणी - ४.५

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरीलाई तालिम बापतको अङ्क दिँदा पन्ध्र कार्य दिनभन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइने छैन ।





(३) श्रेणी नखुलेको तालिम बापत कुनै प्रदेश प्रहरीको अङ्क गणना गर्दा "ख" श्रेणी बराबरको अङ्क गणना गरिनेछ ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अङ्क एक तह माथिको पदमा बढुवाको लागि मात्र गणना गरिनेछ ।

(५) कुनै प्रदेश प्रहरीले यो ऐन प्रारम्भ हुनुभन्दा अघि हासिल गरेको तालिमको हकमा समेत उपदफा (१) बमोजिमको श्रेणी बापतको अङ्क प्राप्त गरेको मानिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै करा लेखिएको भए तापनि आधारभूत तालिम बापत अङ्क दिँदा जुन तहको पदमा छँदा आधारभूत तालिम लिएको हो सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि अङ्क दिइने छैन ।

(७) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. <u>चुनौतीपूर्ण तथा विशेष जिम्मेवारी बापतको अङ्क</u> : (१) कुनै प्रदेश प्रहरीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरे बापत अङ्क दिँदा देहाय बमोजिम बढीमा पाँच अङ्क दिइनेछ :-

(क) अति चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -५ अङ्क
(ख) मध्यमस्तरको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -४ अङ्क
(ग) सामान्य वा चुनौतीपूर्ण जिम्मेवारी बापत -३ अङ्क

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको जिम्मेवारी बापतको अङ्क गणना गर्दा जुन पदमा रहँदा अङ्क प्राप्त गरेको हो सो पदबाट एक तह माथिको पदमा बढुवाको लागि मात्र अङ्क गणना गरिनेछ । चुनौतीपूर्ण र विशेष जिम्मेवारी बापत अङ्क प्रदान गरेकोमा स्पष्ट कारण खुलाउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम कुन कुन क्षेत्रमा कार्य गर्ने प्रदेश प्रहरीलाई चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरेको हो भन्ने विषयको निर्धारण प्रदेश प्रहरी कार्यालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ ।

(४) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत अङ्क दिने आधार, मूल्याङ्कन गर्ने अधिकारी तथा तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. <u>बढुवा सम्बन्धी विशेष व्यवस्था</u> : (१) प्रदेशको लागि देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने प्रहरी जवानदेखि सहायक निरीक्षकसम्मका प्रदेश प्रहरीलाई दफा २६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको बढुवा समितिले एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्नेछ :-

(क) राष्ट्र तथा आफू सेवारत प्रहरी कार्यालयको मान, प्रतिष्ठा र गौरव बढाउन प्रशंसनीय, सृजनात्मक र लगनशील भई कार्य गरेको,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी



खण्ड ६) अतिरिक्ताङ्क ११, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

संगठनको छवि उच्च राख्न विशेष योगदान पुऱ्याएको,

(ग) प्रदेश प्रहरी सेवामा रही कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त गरेको वा शारीरिक रूपमा अशक्त भई सेवाबाट अवकाश लिएको अवस्था भएको ।

(२) उपदफा (१) बमोजिम बढुवा भएका कर्मचारीको नाम, पद, बढुवा गर्नुपर्ने आधार र औचित्य सहितको लिखित विवरण प्रदेश प्रहरी कार्यालयले बढुवा गरेको पन्ध्र दिनभित्र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बढुवा गर्दा एक आर्थिक वर्षमा एउटा श्रेणीमा बढीमा छ जनासम्मलाई गर्न सक्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा दश वर्ष वहाल हुने प्रहरी उपरीक्षकसम्मको कर्मचारीले उमेरको हद वा पदावधिको कारणबाट अवकाश हुने भएमा अवकाश हुनुभन्दा एक महिना अगाडि त्यस्ता प्रदेश प्रहरीलाई एक तह माथिको पदमा बढुवा गर्न सकिनेछ । यसरी बढुवा भएको पदमा निज एक महिनाभन्दा बढी कार्यरत हुने छैन ।

(५) उपदफा (४) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो प्रदेश प्रहरी अवकाश भएपछि त्यस्तो पद स्वतः खारेज हुनेछ ।

(६) उपदफा (५) बमोजिम बढुवा भएको प्रदेश प्रहरीलाई बढुवा हुनुभन्दा अघिको पदबाट अवकाश हुँदा पाउने सुविधाभन्दा घटी नहुने गरी सुविधा दिइनेछ ।

३७. <u>बढुवा उपरको उजुरी</u> : (१) यस ऐन बमोजिम बढुवा समितिको सिफारिसमा चित्त नबुझ्ने प्रदेश प्रहरीले बढुवाको सूचना प्रकाशित भएको मितिले सात दिनभित्र देहायको समिति समक्ष उजुरी दिन सक्नेछ :-

(क) प्रदेश लोक सेवा आयोगका अध्यक्ष -अध्यक्ष

(ख) प्रदेश लोक सेवा आयोगका अध्यक्षले तोकेको आयोगको सदस्य -सदस्य

(ग) सचिव (कानुन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(२) उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र उजुरीको टुङ्गो लगाई सक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने समितिले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ ।

(४) बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नुपर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्नु पर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नुपर्ने देखिएमा बढुवा सूची संशोधन गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ ।





(५) यस दफा बमोजिम बढुवा सम्बन्धी उजुरी सुन्ने समितिको सचिवालयको काम प्रदेश लोकसेवा आयोगले गर्नेछ ।

(६) बढुवा उपरको उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## सरुवा र काज

३८. <u>सरुवा</u> : (१) यस ऐन बमोजिम प्रदेश प्रहरीको सरुवा प्रत्येक दुई दुई वर्षमा गरिनेछ ।

तर राजपत्राङ्कित प्रदेश प्रहरी तथा प्रहरी इकाई प्रमुखको सरुवा सामान्यतया एक वर्ष पूरा भएपछि गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कार्य विविधता समेतको आधारमा स्टाफ, नेतृत्व, सहायक नेतृत्व र विशिष्टीकृत समूहहरुमा समान अवसर प्राप्त हुने गरी गरिनेछ।

(३) मन्त्रालयले प्रदेश प्रहरीको सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन सरुवा समय तालिका सहितको मापदण्ड बनाई लागु गर्नु पर्नेछ ।

(४) कुनै प्रदेश प्रहरीले अर्को प्रदेशमा विवाह भएको कारणले सो प्रदेशमा सरुवा हुन माग गरेमा निज कार्यरत प्रदेशको सम्बन्धित मन्त्रालयले सरुवा भई जान सहमति दिन सक्नेछ ।

(५) कुनै प्रदेश प्रहरीले अर्को प्रदेशमा समायोजन भएको प्रदेश प्रहरीसँग विवाह भएको कारणले उक्त विवाहित प्रदेश प्रहरीलाई विवाह भएको प्रदेशमा सरुवा हुन निज

कार्यरत प्रदेशको सम्बन्धित मन्त्रालयको सहमति पेस गरेमा प्रदेश सरकारले सरुवा भई आउन सहमति दिन सक्नेछ ।

(६) प्रदेश प्रहरीको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सरुवा सम्बन्धी अवधि नपुग्दै कुनै प्रदेश प्रहरीलाई सरुवा गर्न सकिनेछ :-

(क) निजले आचरण विरुद्धको कार्य गरेको प्रमाणित भएमा,

(ख) निजले पद अनुसारको जिम्मेवारी पूरा गर्न नसकेमा,

(ग) निजलाई उक्त स्थानमा राखी रहँदा सम्बन्धित स्थानको शान्ति सुरक्षा एवं कार्य वातावरण बिग्रने अवस्था भएमा,

(घ) निजलाई विभागीय सजाय गर्नुपर्ने भएमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्था भएमा।

३९. <u>सरुवा गर्ने अधिकारी</u> : (१) प्रदेश प्रहरीको सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) प्रहरी वरिष्ठ उपरीक्षकलाई मन्त्रालयको सिफारिसमा प्रदेश मन्त्रिपरिषद्,

(ख) प्रहरी उपरीक्षक र प्रहरी नायब उपरीक्षकलाई प्रदेश प्रहरी प्रमुखको सिफारिसमा मन्त्रालय,

(ग) प्रहरी निरीक्षकलाई प्रदेश प्रहरी प्रमुख,





(घ) प्रहरी कार्यालय सहयोगीदेखि प्रहरी नायब निरीक्षकसम्मको प्रदेश प्रहरीलाई प्रहरी वरिष्ठ उपरीक्षक ।

४०. <u>काज सम्बन्धी व्यवस्था</u> : (१) प्रदेश प्रहरीलाई आवश्यकता अनुसार काजमा खटाउन सकिनेछ।

(२) प्रदेश प्रहरीको काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## <u>परिच्छेद-७</u>

## <u>प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार</u>

४१. <u>तयारी अवस्थामा रहनु पर्ने</u> : (१) प्रदेश प्रहरी नियमित डिउटीमा नरहेको अवस्थामा सामान्यतया जगेडामा रहेको मानिनेछ । संगठनलाई आवश्यक परेका बखत आवश्यक संख्यामा प्रदेश प्रहरीलाई तत्काल आदेशमार्फत परिचालन गर्न सकिनेछ ।

(२) आफूभन्दा माथिल्लो अधिकृतको आदेश प्राप्त हुनासाथ प्रदेश प्रहरीले तोकिएको इकाईमा तत्काल हाजिर हुनु पर्नेछ ।

(३) प्रहरी अधिकृत तथा जवान ड्युटीमा तैनाथ रहनु पर्ने समय अवधि र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४२. <u>समन्वय गर्नु पर्ने</u> : (१) प्रदेश प्रहरीले प्रदेशको शान्ति सुरक्षाका सम्बन्धमा र प्रदेशमा काबु बाहिरको परिस्थिति परेमा प्रदेश सरकार मार्फत नेपाल प्रहरीसँग समन्वय गर्नु पर्नेछ ।

(२) प्रदेश प्रहरीले एक वा एकभन्दा बढी प्रदेशसँग शान्ति सुरक्षा कायम राख्ने र अपराध अनुसन्धानसँग सम्बन्धित सूचना र सहयोग एक आपसमा आदानप्रदान गर्न

सक्नेछ । यसरी गरिएको कार्यको जानकारी प्रदेश प्रहरी प्रमुखले यथाशिघ्र मन्त्रालयमा गराउनु पर्नेछ ।

४३. <u>प्रहरी अधिकृतको काम, कर्तव्य र अधिकार</u> : (१) यस ऐन र प्रचलित कानुनको अधीनमा रही प्रहरी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) प्रदेशभित्र नागरिकको जिउ, धनको सुरक्षा गरी नागरिक स्वतन्त्रताको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित सूचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(ङ) प्रदेशभित्र यातायात, भवन, संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(च) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानुन बमोजिम आवश्यक उपाय अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायहरुसँग सहयोग र समन्वय गर्ने,



खण्ड ६) अतिरिक्ताङ्क ११, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

(छ) प्रदेशभित्र विपद्का समयमा उद्धार, राहत, पुनर्स्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(ज) प्रदेशभित्र घटेका अपराध सम्बन्धी विषयको अभिलेख राख्ने,

(झ) प्रचलित कानुन बमोजिम प्रदेश कारागार, हिरासत कक्ष तथा कारागार र हिरासत कक्षमा रहेका कैदी र बन्दीको व्यवस्थापन गर्ने र सुरक्षा व्यवस्था मिलाउने,

(ञ) ट्राफिक प्रहरीलाई समयानुकूल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(ट) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा प्रदायक तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(ठ) प्रदेश प्रहरीको तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धी कार्य गर्ने,

(ड) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ढ) बेवारिस सम्पत्ति जिम्मा लिई प्रचलित कानुन बमोजिम व्यवस्थापन गर्ने,

(ण) प्रचलित कानुन बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसुरको सम्बन्धमा माग भएको सहयोग उपलब्ध गराउने,

(त) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नु पर्ने भएमा प्रचलित कानुन बमोजिम सोको लागि समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(थ) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी संगठनसँग सम्पर्क, सूचना आदानप्रदान र समन्वय गर्ने,

(द) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिम र तोकिएका अन्य कार्य गर्ने गराउने ।

(२) सार्वजनिक आवागमन सम्बन्धमा प्रचलित कानुन बमोजिम नेपाल प्रहरीलाई भएको अधिकार प्रदेश प्रहरीले समेत कानुन बमोजिम प्रयोग गर्न सक्नेछ ।

(३) प्रदेश प्रहरीले सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित उपकरणको प्रयोग गर्दा नेपाल प्रहरीसँग समन्वय गरी गर्नु पर्नेछ ।

४४. <u>प्रदेश प्रहरीले अनुसन्धान गर्ने</u> : (१) नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ४ बमोजिम नेपाल प्रहरीले अनुसन्धान गर्ने कसुर तथा प्रचलित कानुन बमोजिम अन्य निकाय वा अधिकारीले अनुसन्धान गर्ने कसुर बाहेक आफ्नो प्रदेशभित्र भएका नेपाल सरकार वादी हुने अन्य कसुरको सम्बन्धमा प्रदेश प्रहरीले प्रचलित कानुन बमोजिम अनुसन्धान गर्नेछ ।





(२) यस दफा बमोजिम प्रदेश प्रहरीले अनुसन्धान गर्दा प्रचलित कानुन बमोजिम अपराध अनुसन्धानको लागि प्रदेश प्रहरीलाई भएको अधिकारको प्रयोग गर्नेछ ।

(३) यस दफा बमोजिम प्रदेश प्रहरीले अनुसन्धान गरेको कसुर सम्बन्धी अनुसन्धान प्रतिवेदन सम्बन्धित सरकारी वकिल समक्ष पेस गर्नेछ र सो को जानकारी मुख्य न्यायाधिवक्ताको कार्यालयमा दिनु पर्नेछ ।

४५. <u>जानकारी गराउने</u> : (१) प्रदेश प्रहरीले सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित सूचना सङ्कलन गरेको र सोको आधारमा सुरक्षा व्यवस्था मिलाएको जानकारी प्रदेश मन्त्रालय, नेपाल प्रहरी र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई गराउनु पर्नेछ ।

(२) प्रदेश प्रहरीले अपराध अनुसन्धान गरेको मुद्दा सम्बन्धी मासिक प्रतिवेदन तयार गरी मन्त्रालय, नेपाल प्रहरी र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

४६. <u>पक्राउ गर्न सक्ने अधिकार</u> : (१) प्रदेश प्रहरीले कसैलाई पक्राउ गर्नु परेमा प्रचलित कानुन बमोजिमको प्रकृया अपनाई पक्राउ गर्न सक्नेछ ।

(२) प्रहरी अधिकृत तथा जवानले देहायका व्यक्तिलाई पक्राउ पुर्जी बिना गिरफ्तार गर्न सक्नेछः-

(क) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने अपराधमा संलग्न भएको वा त्यस्तो सजाय हुने अपराधमा संलग्न हुन सक्ने शंकास्पद व्यक्ति,

(ख) कुनै अपराधमा संलग्न रही फरार रहेको व्यक्ति वा कानुन बमोजिम सजाय भई फरार रहेको अपराधी,

(ग) कर्फ्यू लागेको समयमा शंकास्पद तरिकाले हिँडडुल गरिरहेको व्यक्ति,

(घ) मनासिब कारण नभई रातमा हातहतियार, खरखजाना वा शंकास्पद चिजवस्तु साथमा लिई हिँडेको व्यक्ति,

(ङ) कानुन बमोजिम थुनिएको ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

(च) नेपाली सेना, नेपाल प्रहरी सेवा र सशस्त्र प्रहरी बल, नेपाल छाडी भागेको व्यक्ति,

(छ) प्रचलित कानुन बमोजिम अपराध गरेको छ भन्ने शंका भएको व्यक्ति,

(ज) कसुर प्रमाणित भई कैद वा जरिवानाको फैसला पश्चात सो बमोजिमको सजाय भुक्तान नगरेको व्यक्ति,

(झ) राज्य विरुद्धको अपराध, आतङ्ककारी, लगायतका गम्भीर अपराधमा संलग्न व्यक्ति।

(३) कुनै गम्भीर अपराधमा संलग्न भएको व्यक्तिलाई कानुन बमोजिम पक्राउ गर्नुपर्ने भएमा पक्राउ गर्नु पर्नाको कारण खोली प्रचलित कानुन बमोजिम प्रदेश प्रहरीले नियन्त्रणमा लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश प्रहरीले नियन्त्रणमा लिंदा नमानी बलजफ्ती गर्ने वा भाग्ने वा उम्कने





प्रयास गर्ने व्यक्तिलाई प्रदेश प्रहरीले आत्मसमर्पण गर्ने जनाउ दिई आवश्यकता अनुसार बलपूर्वक आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रदेश प्रहरी नियन्त्रणमा लिने क्रममा प्रहरी माथि नै आक्रमण गर्ने वा हमला गरी चोट पुऱ्याउने कार्य गरेमा त्यस्ता व्यक्तिको विरुद्धमा प्रहरीले प्रचलित कानुन बमोजिम आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

(६) यस ऐन बमोजिमको प्रदेश प्रहरीले अपराध अनुसन्धानको सिलसिलामा अन्य प्रदेशमा गई कुनै अभियुक्तलाई तत्काल पक्राउ गर्नुपर्ने भएमा सम्बन्धित प्रदेश प्रहरी कार्यालयको समन्वयमा र अपराधको अनुसन्धान गर्नु परेमा सम्बन्धित प्रदेशको सुरक्षा हेर्ने मन्त्रालय वा निकायसँग समन्वय गरी गर्नु पर्नेछ ।

(७) अन्य प्रदेशको प्रदेश प्रहरीले यस प्रदेशमा आई कुनै अभियुक्तलाई तत्काल पक्राउ गर्नुपर्ने वा अपराधको अनुसन्धान गर्नुपर्ने भएमा समेत उपदफा (६) बमोजिम नै गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेस गर्नु पर्नेछ ।

४७. <u>प्रहरी कार्यालयले अभिलेख राख्नुपर्ने</u>ः (१) प्रदेश प्रहरी कार्यालयले दैनिक रूपमा सम्पादन गरिएका कार्यको विवरण तोकिए बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

(२) अख्तियारवालाले उपदफा (१) बमोजिमको अभिलेखको अवलोकन र निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अभिलेख तोकिए बमोजिमको कार्यालयले अद्यावधिक गरी सही एवं दुरुस्त रूपमा रूजु गरी राख्नु पर्नेछ ।

(४) नेपाल प्रहरी, अन्य प्रदेशका प्रदेश प्रहरीलाई तोकिए बमोजिमको प्रकृया पूरा गरी आवश्यक सूचना तथा अभिलेख उपलब्ध गराउनु प्रदेश प्रहरीको कर्तव्य हुनेछ ।

## परिच्छेद-८

## प्रदेश प्रहरीको तलब, भत्ता, रासन तथा अन्य सुविधा

४८. प्रदेश प्रहरीले पाउने सुविधा : (१) प्रदेश प्रहरीको तलब भत्ता, रासन, चाडपर्व खर्च, उपचार खर्च, पोशाक तथा अन्य सुविधा प्रचलित कानुनको अधीनमा रही प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

तर यस्तो सुविधा समान पदका नेपाल प्रहरीका कर्मचारीको भन्दा कम हुने गरी निर्धारण गरिने छैन ।

(२) प्रदेश प्रहरी अधिकृत तथा जवानले सेवा अवधिभर राजपत्राङ्कित श्रेणीको प्रहरी अधिकृत भए बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणीको प्रहरी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित र श्रेणीविहीन प्रहरी भए एक्काईस महिना बराबरको खाइपाई आएको तलब रकम तोकिए बमोजिमको प्रक्रिया र मापदण्ड अनुसार उपचार खर्च पाउनेछ ।

(३) प्रदेश प्रहरीको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।





४९. बीमा सम्बन्धी व्यवस्था : प्रदेश प्रहरीको बिमा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. प्रहरी कल्याण कोष : (१) प्रदेश प्रहरीको हित अभिवृद्धिको लागि प्रदेश प्रहरी कल्याण कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५१. बिदा: (१) प्रदेश प्रहरीले देहाय बमोजिमका बिदा पाउनेछः-

(क) भैपरी आउने बिदा,
(ख) पर्व बिदा,
(ग) घर बिदा,
(घ) बिरामी बिदा,
(ङ) किरिया बिदा,
(च) प्रसूती बिदा,
(छ) प्रसूती स्याहार बिदा,
(ज) सट्टा बिदा,
(झ) अध्ययन बिदा,
(ञ) असाधारण बिदा ।

(२) बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## प्रदेश प्रहरी सेवाका कर्मचारीको अवकाश, उपदान, निवृत्तभरण तथा राजीनामा

५२. अनिवार्य अवकाश : (१) प्रदेश प्रहरीको अनिवार्य अवकाश सम्बन्धी व्यवस्था संघीय प्रहरी सम्बन्धी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

५३. **उपदान** : (१) पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको प्रदेश प्रहरीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा त्यस्तो प्रदेश प्रहरीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछ :-

(क) पाँच वर्षभन्दा बढी दश वर्षसम्म नोकरी गरेको प्रदेश प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको प्रदेश प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम नोकरी गरेको प्रदेश प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि आखिरी तलब भन्नाले प्रदेश प्रहरीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै प्रदेश प्रहरी निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रदेश प्रहरीलाई उपदान दिइने छैन ।





५४. **निवृत्तभरण सुविधा** : प्रदेश प्रहरीमा नियुक्ति हुने प्रदेश प्रहरीले प्रचलित संघीय कानुन बमोजिम योगदानमा आधारित सेवा निवृत्त सुविधा पाउनेछ ।

५५. **राजीनामा दिन सक्ने** : (१) प्रदेश प्रहरीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ ।

(२) प्रदेश प्रहरीको राजीनामा स्वीकृत गर्ने अधिकार अख्तियारवाललाई हुनेछ ।

५६. **नोकरी छोड्न नपाउने** : (१) कुनै पनि प्रदेश प्रहरीले आफू नियुक्त भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउने छैन ।

तर कुनै प्रदेश प्रहरीलाई नोकरी नछोडी नहुने विशेष परिस्थिति भएमा सोको आधार र कारण खुलाइ राजपत्राङ्कित प्रदेश प्रहरीले प्रदेश प्रहरी प्रमुख मार्फत मन्त्रालय समक्ष र राजपत्र अनङ्कित कर्मचारीले प्रदेश प्रहरी प्रमुख समक्ष निवेदन दिनु पर्नेछ । त्यस्तो निवेदनमा मनासिव आधार र कारण रहेमा प्रदेश सरकारले नोकरी छाड्न अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) विपरीत कुनै प्रदेश प्रहरीले नोकरी छोडेमा नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वदेश तथा विदेशमा तालिम गराउँदा लागेको खर्च रकम मन्त्रालयले निजहरुबाट असुल उपर गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजले सेवा गरेबापत पाएको तलब, राशन, दैनिक भ्रमण भत्ता तथा तोकिए बमोजिमको सरकारी सुरु तलब स्केलमा पाउने सामान बापतका रकम असुल उपर गरिने छैन ।

## परिच्छेद-१०

## प्रदेश प्रहरीको आचरण

५७. दान, दातव्य, चन्दा र उपहार लिन नहुने : (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी प्रदेश प्रहरीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यले स्वदेशी वा विदेशी सरकारबाट वा कुनै व्यक्तिबाट पनि कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन वा अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्नु हुँदैन ।

(२) प्रदेश प्रहरीले विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा प्रदेश सरकारलाई सो कुराको जानकारी निकासा भए बमोजिम गर्नु पर्नेछ ।

५८. सम्पत्ति विवरण बुझाउनु पर्ने : प्रत्येक प्रदेश प्रहरीले प्रदेश सरकारले तोकेको फाराममा आफ्नो सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र दफा ९६ बमोजिमको निकायमा पेस गर्नु पर्नेछ ।

तर नयाँ नियुक्ति भएको प्रदेश प्रहरीले त्यस्तो नियुक्ति भएको साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

५९. कम्पनीको स्थापना, सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने : प्रदेश प्रहरीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैन :-



खण्ड ६) अतिरिक्ताङ्क ११, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

(क) कुनै बैङ्क, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेसन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानुन बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न ।

६०. सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्नमा प्रतिबन्ध : (१) प्रदेश प्रहरीले प्रदेश सरकारबाट अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा सूचना प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा कुनै सञ्चार माध्यमलाई दिनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध अवकाश वा निलम्बन वा कुनै कारणबाट बर्खास्तिमा रहेको र प्रदेश प्रहरी सेवामा नरहेका पूर्व प्रहरी वा प्रदेश प्रहरीका हकमा समेत लागु हुनेछ।

६१. सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने : (१) प्रदेश प्रहरीले मन्त्रालयको अनुमति नलिई कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यममा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न वा रेडियोद्वारा प्रसारण गर्न हुँदैन ।

तर प्रहरी संगठनको प्रवक्ताको रूपमा तोकिएको प्रदेश प्रहरीले सम्बन्धित प्रहरी संगठन प्रमुखको अनुमतिमा

कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यवसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न सकिनेछ।

तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

६२. **प्रेसको सहयोग लिन नहुने** : कुनै प्रदेश प्रहरीले निजको कर्तव्य पालनाको सिलसिलामा लगाइएको आरोप मन्त्रालयको पूर्व स्वीकृति नलिई प्रेस वा सञ्चार माध्यमको सहयोग लिनु हुँदैन।

६३. **सरकारको आलोचना गर्न नहुने** : (१) नेपाल सरकार र प्रदेश सरकारको नीतिको विपरीत हुने गरी आलोचना गर्न वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच वा नेपाली नागरिक बीचको पारस्परिक सम्बन्ध वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै प्रदेश प्रहरीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, सामाजिक सञ्जालबाट कुनै कुरा व्यक्त गर्न, सार्वजनिक मन्तव्य दिन वा वक्तव्य प्रकाशन गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन र नेपाल सरकारको नीति विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।





६४. **निर्वाचनमा भाग लिन नहुने** : प्रदेश प्रहरीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार-प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन ।

तर प्रचलित कानुन बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

६५. **राजनीतिमा भाग लिन नहुने** : प्रदेश प्रहरीले कुनै राजनीतिक दल वा दलसँग आवद्ध संगठनको सदस्यता लिन, राजनीतिक कृयाकलापमा संलग्न हुन, त्यस्ता दल वा संगठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन हुँदैन ।

६६. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने** : प्रदेश प्रहरीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले आफूभन्दा माथिका अधिकृत वा अन्य प्रदेश प्रहरी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

६७. **समय पालन र नियमितता** : प्रदेश प्रहरीले नियमित रुपले आफ्नो पालोमा कार्यालयमा वा आफू खटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा आफू खटिएको ठाउँमा अनुपस्थित हुनु हुँदैन।

६८. **अनुशासन र आज्ञापालन** : प्रदेश प्रहरीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछ :-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताकासाथ पालना गर्नुपर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताकासाथ पालना गर्नुपर्ने,

(ग) आफूभन्दा माथिका सबै अधिकृतप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका प्रदेश प्रहरीप्रति उचित व्यवहार गर्नुपर्ने,

(घ) उच्छृङ्खल गतिविधि गर्न नहुने,

(ङ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्य गर्न, गराउन नहुने ।

६९. <u>लैङ्गिक संवेदनशीलता हुनुपर्ने</u> : प्रदेश प्रहरी आफ्नो काम, कारबाही र व्यवहारमा लैङ्गिक भाषिक, सांस्कृतिक लगायतका विषयमा संवेदनशील हुनु पर्नेछ ।

७०. <u>कानुन विपरीत विवाह गर्न नहुने</u> : प्रदेश प्रहरीले प्रचलित कानुन विपरीत हुने गरी विवाह गर्नु, गराउनु हुँदैन।

७१. <u>स्थायी आवासीय अनुमति लिन नहुने</u> : (१) प्रदेश प्रहरीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिनु हुँदैन ।

(२) कुनै प्रदेश प्रहरीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित प्रदेश प्रहरीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेस गर्नु पर्नेछ :-

(क) आफ्नो नाम, थर, सेवा समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम ।





(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

७२. <u>हातपात वा जोरजुलम गर्न नहुने</u> : कुनै प्रदेश प्रहरीले आफूभन्दा माथिल्लो वा मातहतको प्रदेश प्रहरी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलम गर्न वा गराउन हुँदैन ।

७३. <u>घरायसी कामकाजमा खटाउन वा लगाउन नहुने</u> : कुनै पनि प्रदेश प्रहरीलाई प्रचलित कानुन बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै प्रदेश प्रहरी त्यस्तो कामको लागि खटिन हुँदैन ।

७४. <u>यौनजन्य दुर्व्यवहार गर्न नहुने</u> : प्रदेश प्रहरीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन ।

७५. <u>यातना दिन नहुने</u> : प्रदेश प्रहरीले अपराध अनुसन्धान वा अन्य कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन ।

७६. <u>प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध</u> : (१) प्रदेश प्रहरीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, वाधा अवरोध गर्न, घेराउ गर्न, दबाव दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाव सिर्जना गर्ने उद्देश्यले अनसन बस्न तथा अन्य कुनै तरिकाबाट सरकारी काममा वाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

(२) उपदफा (१) विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो प्रदेश प्रहरीलाई विभागीय सजाय गरी क्षतिपूर्ति समेत भराइनेछ ।

७७. **प्रतिनिधित्व गर्न नहुने** : प्रदेश प्रहरीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।

७८. **अन्य आचरण** : प्रदेश प्रहरीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ ।

## परिच्छेद-११
## विभागीय सजाय तथा पुनरावेदन

७९. **विभागीय सजाय** : (१) प्रचलित संघीय कानुन बमोजिम समायोजन भई प्रदेशमा खटिएका प्रदेश प्रहरीको विभागीय सजाय र त्यस्तो सजाय दिने अधिकार प्रदेश प्रहरी अधिकारीलाई प्रचलित संघीय कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीमा कार्यरत प्रहरी अधिकृत तथा जवानलाई उचित र पर्याप्त कारण भएमा देहाय बमोजिमको विभागीय सजाय दिन सकिनेछ :-

(क) सामान्य सजाय :

(१) शारीरिक परिश्रम हुने र नियन्त्रणमा राख्ने,

(२) नसिहत दिने,

(३) चालचलन सम्बन्धी प्रतिवेदन प्रतिकूल राय लेख्ने,

(४) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) बढीमा पाँच वर्षसम्म तलब बृद्धि (ग्रेड) रोक्का गर्ने,



खण्ड ६) अतिरिक्ताङ्क ११, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

(६) खाइपाई आएको तलबमा बढीमा पाँचग्रेड सम्म घटुवा गर्ने,

(७) हालको पदको जेष्ठतासहित खाइपाई आएको सुरु तलब स्केलमा घटुवा गर्ने,

(८) एक तह तलको पदमा घटुवा गर्ने ।

(ख) विशेष सजाय :

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

८०. **शारीरिक परिश्रम गराउने वा नियन्त्रणमा राख्ने वा नसिहत दिने वा प्रतिकूल राय लेख्ने** : देहायको अवस्थामा कुनै प्रदेश प्रहरीलाई यातना नहुने गरी शारीरिक परिश्रम गराउन वा नियन्त्रणमा राख्न वा नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछ ।

(क) कार्यसम्पादन सन्तोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापरवाही गरी गैरजिम्मेवारी पूर्ण व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजुरी लिन पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र कारण विना बाटाको म्याद पछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा,

(छ) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा।

८१. <u>बढुवा वा तलब वृद्धि रोक्का</u> : देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धि (ग्रेड)सम्म रोक्का गर्न सक्नेछ ।

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरवाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानुनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) दफा ५९, ६०, ६१, ६२, ६८, ६९, ७०, ७१, ७४, ७६ र ७९ मा उल्लेख भएका आचरण उल्लङ्घन गरेमा,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको सजाय दुई पटक





पाइसकेपछि पुनः त्यस्तै कुनै काम गरेमा ।

८२. <u>तलब बृद्धि वा सुरु तलब स्केल वा तल्लो पदमा घटुवा</u> : देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै प्रदेश प्रहरीले खाईपाई आएको बढीमा पाँच तलब वृद्धि(ग्रेड) घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाईपाई आएको सुरु तलब स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सक्नेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(घ) कानुन बमोजिम दिएको आदेश वा निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिव कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैरहाजिर भएमा,

(च) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

(छ) लापरवाही गरी सरकारी सम्पत्ति हानिनोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसुर बाहेक अन्य फौजदारी अभियोगमा कैद बाहेक जरिवाना वा क्षतिपूर्ति भराउने वा दुवै सजाय भएमा,

(झ) दफा ५८, ६४, ६५, ७२ र ७४ मा उल्लेख भएका आचरण उल्लङ्घन गरेमा।

८३. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने** : (१) देहायको कुनै अवस्थामा प्रदेश प्रहरीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :-

(क) आफ्नो पदीय जिम्मेवारीमा बारम्बार लापरवाही गरेमा,

(ख) आचरण सम्बन्धी नियमहरु बारम्बार उल्लङ्घन गरेमा,

(ग) ड्युटीको समयमा बारम्बार मादक पदार्थ सेवन गरेमा,

(घ) पटक पटक अनुशासनहीन काम गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

(च) बिदा स्वीकृत नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(छ) नैतिक पतन देखिने बाहेकका अन्य फौजदारी कसुरमा दोषी ठहर भई कैद सजाय भएमा, सरकारी कार्य सम्पादनमा संलग्न हुने क्रममा प्रचलित कानुन बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई कैद सजाय भएको प्रदेश प्रहरीलाई प्रहरी सेवाबाट हटाइने छ ।

(ज) अध्ययन बिदा पूरा गरी फर्केपछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा,

(झ) दफा ६०, ६१, ६२, ६७, ७०, ७१ र ७२ मा उल्लेख भएका आचरण उल्लङ्घन गरेमा,



खण्ड ६) अतिरिक्ताङ्क ११, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

(ञ) दफा ७६, ७७ र ७८ बमोजिमको सजाय तीन पटक पाईसके पछि पुनः सो दफा बमोजिमको कुनै काम गरेमा ।

(२) देहायको कुनै अवस्थामा प्रदेश प्रहरीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा,

(घ) प्रदेश प्रहरी विशेष अदालतबाट दोषी ठहरिएमा ।

८४. **कार्यालयमा अनुपस्थित भएमा वा झुट्टा विवरण पेस गरेमा हुने कारबाही** : (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रदेश प्रहरीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय गर्न सकिनेछ । यसरी गयल कट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन ।

(२) कुनै प्रदेश प्रहरीले झुट्टा विवरण देखाई बिदा लिई बसेमा बिदा बसेको अवधिलाई गैरहाजिर मानी गैरहाजिर सम्बन्धी कसुरमा कारबाही गरिनेछ ।

८५. **सजाय सम्बन्धी कार्यविधि** : (१) प्रदेश प्रहरीलाई सजायको आदेश दिनुअघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई लिखित सूचना दिई

निजलाई लगाइएको आरोप स्पष्ट रुपले किटिएको हुनु पर्नेछ । प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ । आरोप लागेको प्रदेश प्रहरीले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाइ लिखित रूपमा पेस गर्नु पर्नेछ ।

(२) विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिमको सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो प्रदेश प्रहरीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

(३) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रदेश प्रहरीको सम्बन्धमा प्रहरी सेवाबाट हटाउन वा बर्खास्त गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको व्यक्तिले प्रहरी विशेष अदालतबाट समेत दोषी ठहर भई कैदको सजाय पाएमा त्यस्तो प्रदेश प्रहरीलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिए पुग्नेछ ।

(४) सजायको आदेश दिन पाउने अधिकारीले कुनै प्रदेश प्रहरीले कसुर गरेको सम्बन्धमा जाँचबुझ गराउन आवश्यक ठानेमा त्यस्तो अधिकारी स्वयमले वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न वा गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित प्रदेश





प्रहरीसँग सोधपुछ गरी कारण सहित आफ्नो प्रतिवेदन तथा भएको सबुद प्रमाण समेत पेस गर्नु पर्नेछ ।

(५) विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रदेश प्रहरीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने दर्जा वा तलब घटाउने आदेश दिँदा सो गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाइको मौका दिएकोमा निजको सफाइको जिकिर र सो जिकिर बमोजिमको केही बुझिलिएको भए सो समेत वारे आफ्नो ठहर लेखि सफाइको मौका नदिएकोमा सो दिन मनासिव नपरेको अवस्था देखाई व्यहोरा खुलाएको पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्नेछ ।

(६) सजाय सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८६. <u>निलम्बन</u> : (१) कुनै प्रदेश प्रहरी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो प्रदेश प्रहरीलाई निलम्बन गर्न सक्नेछ । यसरी निलम्बन गर्दा निलम्बन गर्नुका आधार र कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिनाभन्दा बढी हुने छैन । निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै पनि प्रदेश प्रहरीलाई निलम्बन गर्नु पर्दा निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुद प्रमाण लुकाउने वा नष्ट गर्न सक्ने देखिएमा

वा निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानिनोक्सानी हुने सम्भावना देखिएमा वा कुनै प्रदेश प्रहरीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे संगठनभित्रका कर्मचारीहरुमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रहरी संगठनकै प्रतिष्ठामा आँच आउन सक्ने अवस्था हुनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम निलम्बनमा रहेको प्रदेश प्रहरीले पाउने तलबभत्ताको आधा रकम मात्र पाउनेछ।

(५) कुनै फौजदारी अभियोगमा वा यस ऐन अन्तर्गतको कसुरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको प्रदेश प्रहरी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो मुद्दामा फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ र सो मुद्दामा फैसला हुँदा सफाइ पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ ।

तर,

(क) निलम्बित प्रदेश प्रहरी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्बनमा रहेका अवस्थामा आधा तलब पाएको भए सो कट्टागरी बाँकी र नपाएको भए पुरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ । यसरी कसुरदार ठहरिएमा निलम्बन भएको मिति देखि बाँकी तलब भत्ता पाउने छैन ।

(ख) कुनै प्रदेश प्रहरी सरकारी कामको सिलसिलामा वा तोकेको दायित्त्व





पालनाको क्रममा कारबाही स्वरूप निलम्बन भएको नभई अरु नै कारणबाट स्वयं निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन । तर त्यस्तो प्रदेश प्रहरीले अभियोगबाट सफाइ पाएमा उक्त निलम्बन अवधिभरको तलब भत्ता पाउनेछ ।

(६) प्रदेश प्रहरी उपर नेपाल सरकार वा प्रदेश सरकार वादी हुने फौजदारी अभियोगमा अधिकार प्राप्त अधिकारीले निलम्बन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ ।

(७) सुरु अदालतबाट सफाइ पाएको कुनै प्रदेश प्रहरी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्त्व सम्बन्धित प्रदेश प्रहरीको हुनेछ । त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको तलबभत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असुल गरिनेछ ।

८७. <u>सेवाको अन्त गर्न सक्ने</u> : कुनै प्रदेश प्रहरीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्ने भएमा नियुक्ति दिने अधिकारीले पर्चा खडा गरी सेवाको अन्त गर्न सक्नेछ :-

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै,

(ख) तोकिएको मेडिकल बोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा ।

८८. **सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी** : (१) दफा ७९ को उपदफा (२) को खण्ड (क) मा उल्लेख भए बमोजिमको सामान्य सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ ।

(२) दफा ७९ को उपदफा (२) को खण्ड (ख) मा उल्लेख भए बमोजिमको विशेष सजायको आदेश दिने अधिकार तोकिए बमोजिमको अख्तियारवालालाई हुनेछ ।

८९. **पुनरावेदन दिन सक्ने** : (१) दफा ८८ बमोजिम दिइएको आदेश उपर चित्त नबुझी पुनरावेदन गर्ने प्रदेश प्रहरीले जुन कार्यालय मार्फत कारबाहीको आदेश गरिएको हो सोही कार्यालय मार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र दिनु पर्नेछ ।

(३) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(४) पुनरावेदन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

९०. **पुनर्बहाली भएमा पाउने सुविधा** : (१) कुनै प्रदेश प्रहरीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी भएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पुनः कायम भएमा त्यस्तो प्रदेश प्रहरीले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धि समेत पाउनेछ ।





तर भगौडा वा गैरहाजिर भई सेवाबाट बर्खास्त गरिएको प्रदेश प्रहरी सेवामा बहाली भएमा निजले भगौडा वा गैरहाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब भत्ता तथा तलब वृद्धि पाउने भए सो तलब भत्ता बापतको रकम निजको पुनर्बहाली भएको दरबन्दीबाट पाउनेछ ।

(३) सुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसुरमा विभागीय सजाय भई सेवाबाट अलग गरिएका प्रदेश प्रहरीले उक्त मुद्दामा पुनरावेदन तहबाट सफाइ पाएमा निज सेवामा पुनर्बहाली हुनेछ ।

## परिच्छेद-१२

## प्रदेश सुरक्षा समिति सम्बन्धी व्यवस्था

९१. **प्रदेश सुरक्षा समिति** : (१) प्रदेशको शान्ति सुरक्षा कायम गर्न, प्रदेशमा हुने अपराध अनुसन्धान तथा सूचना आदानप्रदान, अन्तर प्रदेश तथा नेपाल सरकारसँग समेत सुरक्षा समन्वय लगायतको विषयमा प्रदेश सरकारलाई सुरक्षा सम्बन्धमा नीतिगत सुझाव दिन देहायको एक प्रदेश सुरक्षा समिति रहनेछ :-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी - सदस्य

(घ) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरीको कार्यालय -सदस्य

(ङ) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार सुदूरपश्चिम प्रदेशस्थित नेपाली सेना, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य र अधिकार व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३

## विविध

९२. **सेवाको सुरक्षा** : कुनै प्रदेश प्रहरीलाई निजको नियुक्ति हुँदा तत्काल लागु रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन । त्यस्तो संशोधन हुनु अगावै वहाल रहेको वा निवृत्तभरण पाउने गरी अवकाश पाएको कुनै प्रदेश प्रहरीको सेवाका शर्तमा प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागु हुने छैन ।

९३. **असल नियतको वचाउ** : (१) प्रदेश प्रहरीले यस ऐन वा प्रचलित कानुन बमोजिम गर्नु पर्ने अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान वा कानुन कार्यान्वयन वा कर्तव्य



खण्ड ६) अतिरिक्ताङ्क ११, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

पालना गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले पठाएको म्याद वा जारी गरेको विज्ञप्ति, आदेश वा वारेन्ट कार्यान्वयन गर्दा असल नियतले गरेको काममा सजायको भागी हुन र हर्जाना तिर्न पर्ने छैन र प्रदेश प्रहरीले आफ्नो ओहोदाको कर्तव्य पालनाको क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निज माथि उपदफा (२) बमोजिमको रित नपुऱ्याई मुद्दा चल्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै प्रदेश प्रहरी उपर मुद्दा चलाउनको लागि अख्तियारवालाको अनुमति प्राप्त गर्नु पर्नेछ ।

(३) कुनै पनि प्रदेश प्रहरी बहाल रहँदा आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा वहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (३) बमोजिम मुद्दा चलेमा निजको तर्फबाट प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

९४. **विशेष सुरक्षाको लागि प्रदेश प्रहरी सम्बन्धी व्यवस्था** : (१) प्रदेश प्रहरीले सुरक्षा प्रदान गर्ने भनी तोकिएका कुनै विशिष्ठ व्यक्ति वा महत्त्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाको लागि वा प्रदेश प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै विशिष्ठ व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्याङ्कन गरी तोकिए बमोजिमको समितिको सिफारिसमा बर्दी सहित वा सादा पोशाकमा प्रहरी खटाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोरजुलम गरेमा, हात उठाई वा नउठाई हमला गरेमा वा

अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रहरीले आफूले सुरक्षा दिनुपर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जिउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम कार्यार्थ खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको श्रोत साधन वा हातहतियार प्रयोग बदनियत वा हेलचेक्र्याइँका साथ गरेको हो होइन वा त्यस्तो श्रोत साधन वा हातहतियार वा बल प्रयोग गर्न आवश्यक थियो थिएन भन्ने सम्बन्धमा छानविन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम छानविन गर्दा त्यस्तो प्रहरी कर्मचारिले आफुसँग रहेको श्रोतसाधन वा हातहतियारको प्रयोग बदनीयत वा हेलचेक्र्याइँका साथ गरेको वा आवश्यकताभन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय सजाय वा प्रचलित कानुन बमोजिमको कारबाही अगाडि बढाउन सकिनेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक वा एकभन्दा बढी व्यक्तिको हत्या गर्न सक्ने वा साङ्घातिक आक्रमण गरी जिउज्यान लिन सक्ने वा गम्भीर घाइते बनाउन सक्ने वा सार्वजनिक स्वास्थ्यमा खतरा पार्न सक्ने वा निजी, सार्वजनिक र सरकारी सम्पत्तिमाथि आगजनी, तोडफोड, आक्रमण वा विध्वंस गरी गम्भीर क्षति पुऱ्याउन सक्ने मनासिव आधार भएमा प्रहरीले तत्काल त्यस्तो कार्य हुनबाट रोक्न अन्य कुनै उपाय सफल नभएमा प्रचलित कानुन बमोजिम आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ ।





९५. <u>सेवा परिवर्तनमा बन्देज</u> : प्रदेश प्रहरी सेवाको कुनै पनि तहका प्रदेश प्रहरीलाई निजको इच्छा विपरीत प्रदेश प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन ।

९६. <u>अभिलेख सम्बन्धी व्यवस्था</u> : (१) प्रदेश प्रहरीको अभिलेख व्यवस्थापनको लागि मन्त्रालय अन्तर्गत प्रदेश प्रहरी कितावखाना रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रहरी किताबखानाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९७. <u>प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था</u> : (१) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था संघीय प्रहरी ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सहभागिताको लागि आवश्यक मापदण्ड एवं कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

९८. <u>सूत्र परिचालन गर्न सक्ने</u> : (१) शान्ति सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सम्बन्धी सूचनाको प्राप्ति, संग्रह र परिचालन गर्न प्रदेश प्रहरीले गोप्य सूत्र परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूत्र परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९९. <u>सामुदायिक प्रहरी</u> : (१) प्रदेश सरकारले स्थानीय तहको शान्ति सुरक्षा व्यवस्थापनको लागि प्रदेश प्रहरीको संगठन मातहत रहने गरी तोकिए बमोजिमको सामुदायिक प्रहरीको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रहने सामुदायिक प्रहरीको सञ्चालन, व्यवस्थापन र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१००. हातहतियार, खरखजाना तथा सञ्चार साधनको प्रयोग : प्रदेश प्रहरीले प्रयोग गर्ने हातहतियार, खरखजाना तथा सञ्चार साधन र सोको प्रयोग सम्बन्धी मापदण्ड प्रचलित संघीय कानुनले निर्धारण गरे बमोजिम हुनेछ।

१०१. कसुर, मुद्दाको अनुसन्धान, दायरी, सजाय र पुनरावेदन : प्रदेश प्रहरीले गर्ने कसुर, मुद्दाको अनुसन्धान, दायरी, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानुन बमोजिम हुनेछ ।

१०२. कसुर र सजाय : यस ऐनको परिच्छेद-११ बमोजिमको विभागीय सजाय वाहेक प्रचलित कानुन बमोजिम प्रदेश प्रहरीको लागि हुने कसुर, सजाय र सोको कार्यविधि सम्बन्धी व्यवस्था प्रचलित संघीय कानुन बमोजिम हुनेछ ।

१०३. अधिकार प्रत्यायोजन गर्न सक्ने : (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको प्रदेश प्रहरीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम कुनै प्रहरी अधिकृतलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी आफू मातहतका प्रदेश प्रहरीलाई प्रत्यायोजन गर्न सकिनेछ।

तर सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन ।



खण्ड ६) अतिरिक्ताङ्क ११, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

१०४. नेपाल सरकारको दायित्व हुने : प्रचलित कानुन बमोजिम प्रदेश प्रहरीमा समायोजन भएको वा खटिएको प्रदेश प्रहरी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तभरण, उपचार खर्च तथा सञ्चित बिदाको रकम समेत नेपाल सरकारले प्रचलित कानुन बमोजिम व्यहोर्नेछ ।

१०५. प्रचलित कानुन बमोजिम हुने : (१) यस ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र नलेखिएको हकमा प्रचलित संघीय प्रहरी कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रथम पटक प्रदेश प्रहरीमा समायोजन भएका प्रहरीको हकमा प्रचलित संघीय कानुन लागु हुने भए सोही बमोजिम र अन्यमा यस ऐन बमोजिम हुनेछ ।

(३) प्रदेश प्रहरीको सम्बन्धमा प्रचलित संघीय कानुनले कुनै खास विषयमा निश्चित मापदण्ड, कार्यविधि एवं अन्य व्यवस्था गर्ने भनी तोकेको वा लेखिएकोमा सोही बमोजिम हुनेछ ।

१०६. प्रचलित कानुन बमोजिम मुद्दा चलाउन बाधा नपर्ने : यस ऐन बमोजिम सजाय हुने अपराध गर्ने व्यक्ति उपर प्रचलित कानुन बमोजिम मुद्दा चलाउन वा त्यस्ता व्यक्तिलाई प्रचलित कानुन बमोजिम सजायको भागी हुन वा यस ऐनमा लेखिएका दण्ड सजायभन्दा बढी अरु सजायको भागी हुन यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

तर कुनै व्यक्तिलाई एउटै अपराधमा दुई पटकभन्दा बढी सजाय भने हुने छैन ।

१०७. <u>नियम बनाउने अधिकार</u> : (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१०८. <u>निर्देशिका, कार्यविधि, मापदण्ड र आचारसंहिता बनाउने अधिकार</u> : यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड र आचारसंहिता बनाउन सक्नेछ ।





## अनुसूची-१

(दफा दफा ३२ को उपदफा (७) सँग सम्बन्धित)

<u>"क" वर्ग</u>

१. बझाङ, बाजुरा, दार्चुला जिल्ला।

<u>"ख"वर्ग</u>

१. डोटी, अछाम, डडेल्धुरा, बैतडी जिल्ला र कैलाली जिल्लाको मोहन्याल गाउँपालिकास्थित खिमडि र सुगरखाल।

<u>"ग" वर्ग</u>

१. कैलाली जिल्लाको "घ" वर्ग अन्तर्गत क्रमसंख्या १ मा उल्लेख भए बाहेकका नगरपालिका र गाउँपालिका।

२. कञ्चनपुर जिल्लाको "घ" वर्ग अन्तर्गत क्रमसंख्या २ मा उल्लेख भए बाहेकका नगरपालिका र गाउँपालिका।

<u>"घ" वर्ग</u>

१. कैलालीको धनगढी उपमहानगरपालिका, गोदावरी नगरपालिका, गौरीगंगा नगरपालिका, घोडाघोडी नगरपालिका र टिकापुर नगपालिका ।

२. कञ्चनपुरको भिमदत्त नगरपालिका, शुक्लाफाँटा नगरपालिका, बेलौरी नगरपालिका, पुनर्वास नगरपालिका, कृष्णपुर नगरपालिका र बेतकोट नगरपालिका ।

प्रमाणिकरणः-२०७९।०५।३१

आज्ञाले,
कमलराज ढकाल
प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५०।-